**Lang. Code : 13**

इस पुस्तिका में **20** पृष्ठ हैं ।
This booklet contains **20** pages.

# ATA-19-I

**प्रश्न-पत्र I / PAPER I**
**नेपाली भाषा परिशिष्ट**
**Nepali Language Supplement**
**भाग IV & V / PART IV & V**

**परीक्षा पुस्तिका संकेत**
**Test Booklet Code**

**A**

**परीक्षा पुस्तिका संख्या**
**Test Booklet No.**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए ।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 19 व 20)पर दिए निर्देशों को ध्यान से पढ़ें ।**
**Read carefully the Instructions on the Back Cover (Page 19 & 20) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें । / For instructions in Nepali see Page 2 of this Booklet.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं** ।
2. परीक्षार्थी भाग I, II, III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से ।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं । भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं ।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें ।
5. इस भाषा पुस्तिका का **संकेत** है **A** । यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है । अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा I - (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा II - (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं । इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं । **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए । जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए ।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो ।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें ।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें । अपने उत्तर ध्यानपूर्वक अंकित करें । उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है ।

## *INSTRUCTIONS FOR CANDIDATES*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Parts I, II, III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page / marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **A**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language I - (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language II - (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part -V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ____________________
Name of the Candidate (in Capitals) :
अनुक्रमांक : (अंकों में) ____________________
Roll Number : in figures
: (शब्दों में) ____________________
: in words
परीक्षा केन्द्र (बड़े अक्षरों में) : ____________________
Centre of Examination (in Capitals) :
परीक्षार्थी के हस्ताक्षर : ____________ निरीक्षक के हस्ताक्षर : ____________
Candidate's Signature : Invigilator's Signature :
Facsimile signature stamp of
Centre Superintendent ____________________

**A**

**Lang. Code : 13**

# ATA-19-I

**परीक्षा पुस्तिका संङ्केत**

**A**

यस पुस्तिकामा **20** पृष्ठ छन् ।

**प्रश्नपत्र I**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 19 व 20) दिइएको निर्देश ध्यानले पढ्नुहोस् ।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो । ती परीक्षार्थीहरूका लागि **या** त भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन** ।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट ।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन् । भाषा परिशिष्टलाई तपाई अलग्गै माग्न सक्नुहुने छ ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस् ।
5. यो भाषा पुस्तिकाको **सङ्केत A** हो । के सुनिश्चित गर्नुहोस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ**-2 एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ । यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ ।
6. यो पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन् ।
   भाग IV : भाषा I – (नेपाली) *(प्र. 91 बाट प्र. 120)*
   भाग V : भाषा II – (नेपाली) *(प्र. 121 बाट प्र. 150)*
7. भाग IV मा भाषा I का लागि 30 प्रश्न र भाग V भाषा II का लागि 30 प्रश्न दिइएका छन् । **यदि तपाईंको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् जुन तपाईंको आवेदनपत्रमा अङ्कित थियो ।**
8. **परीक्षार्थीले भाग V (भाषा II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस् ।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस् ।
10. सबै उत्तर केवल OMR उत्तरपत्रमा अङ्कित गर्नुहोस् । आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस् । उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ ।

विद्यार्थीको नाम : ____________________

अनुक्रमाङ्क : अङ्कमा ____________________

: शब्दमा ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________ निरीक्षकको हस्ताक्षर : ____________

Facsimile signature stamp of
Centre Superintendent ____________________

परीक्षार्थीहरूले **भाषा**-I का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-IV** (**प्रश्न** 91-120) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-IV** (**Q.No. 91-120**), if they have opted **NEPALI** as **LANGUAGE-I** only.

# भाग – IV
## भाषा – I
## नेपाली

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-IV **(प्रश्न 91-120)** का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 91-99) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

चौध वर्ष भयो मैले विद्यालयमा गएर पढ्न थालेको पनि । बाह्र वर्षको एक युग हुन्छ भन्छन् । एक युग बितेर दुई वर्ष फाउ पनि दिइसकेँ शिक्षालयलाई – विद्वान् बन्न सकिनँ ! भारतका मानिसको औसत आयु छब्बीस वर्ष हुन्छ रे । त्यसै हो भने ता बी ए पास गर्नलाई नै मेरो औसत आयु खर्च हुने भो, साह्रै दुख लाग्छ, पाँच हजार एक सय दस दिनका निरन्तर विद्याभ्यासमा मैले के आर्जन गरेँ ? यसो पछिल्तिर फर्किएर हेर्दा बितेका दिनहरूको माया लाग्छ ! आफ्नै मूर्खताको पश्चाताप लाग्छ ! दिनको दस रुपियाँका दरले धनोपार्जन गरेको भए म आज एकाउन्न हजार एक सय रुपियाँको मालिक भइसक्ने थिएँ । दिनको दुई शब्दका दरले शब्दज्ञान बढाएको भए दस हजार दुई सय बीस शब्द जान्ने एउटा गतिलो शब्दकोश नै भइसक्ने थिएँ । खोई यत्रा वर्ष लाएर मैले के सिकेँ ? शून्य ! न ता आत्मिक उन्नति गरेँ न भौतिक न अरू नै केही । म उही छु जो अघि थिएँ । सङ्गत उही छ र व्यवहार आचरण उही । बोली र भाषा उही जुन मैले आमाबाट सिकेथेँ स्कुल जानभन्दा पहिल्यै । मेरा बाले भुल गर्नु भयो, अक्षम्य भुल ! मलाई उहाँले पठित बनाउने प्रयास गरेर नबिगार्नु भएको भए यो भीमकाँधे युवकले भारी बोकेर भए पनि उहिल्यैदेखि नै पाल्ने थियो । अब पठित भएर ता म सङ्कुचित हुँदै गइरहेछु ।

**91. अनुच्छेदमा प्रकट भएको विचार र प्रस्तुति विचार गर्दा यसमा कुन कुरा पाउन सकिन्छ ?**

(1) पीडाबोध तथा आउँदो पुस्ताको चिन्ता

(2) दुर्नीतिको आलोचना र सुधार चेतना

(3) देशको विकट स्थिति र त्यसप्रतिको चिन्ता

(4) पश्चाताप र व्यङ्ग्य

**92. अनुच्छेदका सन्दर्भमा तलको कुन भनाइ उपयुक्त छ ?**

(1) लेखक आफूलाई विद्वान ठान्छन् ।

(2) लेखक आफूलाई मूर्ख ठान्छन् ।

(3) लेखक आफ्ना पितालाई मूर्ख ठान्छन् ।

(4) लेखक नपढेकाहरूलाई मूर्ख ठान्छन् ।

**93. 'भीमकाँधे युवक' ले तलको कुन कुरा बुझाउँछ ?**

(1) मन्द बुद्धि भएको

(2) केही सोचविचार गर्ने क्षमता नभएको

(3) शारीरिक रूपले बलियो

(4) आर्थिक रूपले दुर्बल

94. **लेखकले पढेपछि आफूमा कस्तो प्रभाव परेको अनुभव गरे ?**

(1) उनी आत्मिक रूपले बलिया भए

(2) उनी भौतिक रूपले बलिया भए

(3) उनले आफूमा कुनै परिवर्तन नै पाएनन्

(4) उनले आफ्नो चेत खुलेको बुझे

95. **'अक्षम्य भुल' भनेको के हो ?**

(1) सुधार गर्न नसकिने भुल

(2) माफ गर्न नसकिने भुल

(3) जीवनभरि पछुतो हुने भुल

(4) नजानी नजानी गरिएको भुल

96. **लेखकले यी कुरा लेख्दै गर्दा प्रयोग गरेको भाषा उनले कहाँबाट सिके ?**

(1) विद्यालयबाट

(2) आमाबाट

(3) शब्दकोशबाट

(4) चौध वर्ष पढेर

97. **'उन्नति' शब्दको विपरीतार्थक शब्द कुन हो ?**

(1) दुर्गति

(2) सम्मति

(3) दुर्नीति

(4) अवनति

98. **'विद्याभ्यास' शब्द कसरी बनिएको छ ?**

(1) स्वर सन्धि भएर

(2) व्यञ्जन सन्धि भएर

(3) अव्ययीभाव समास भएर

(4) कर्मधारय समास भएर

99. **'खोई यत्रा वर्ष लाएर मैले के सिकेँ ? शून्य !' – लेखकले 'शून्य' शब्दको प्रयोगद्वारा कुन कुरातिर सङ्केत गरेका छन् ?**

(1) प्राज्ञिक ज्ञान नहुनु

(2) व्यावहारिक ज्ञान नहुनु

(3) आर्थिक रूपले दुर्बल हुनु

(4) पढाइमा असफल हुनु

**निर्देश : दिइएको कविता पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 100-105) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

डाँडाकाँडा चउर हरिया देखिए पालुवाले
बोकी ल्यायो बकुलवनको वास मीठो हवाले ।
डाकी मौरी मधुर रसमा लेक पाक्यो गुहेली
गोठालाले वन–वन डुली हाल्न थाल्यो सुसेली ।
लाऊँ कानैतिर भनी टिपिन् गुर्सिनीले गुराँस
नेवार्नीले मधुसुमनले जेल्दिइन् केशपाश ।
भोटेनीले मगमग–बुकी फूल बाँधिन् तुनामा
क्वैली बोल्यो वन–वन नयाँ प्रीतिका सम्झनामा ।
आए पाखा वन चउरमा फूल लाखौँ पलाई
को भन्देला सकल यिनको नाम मीठो मलाई ।

**100. कवितांशको अन्तिम पङ्क्तिमा कविले कुन कुराको नाम जान्ने जिज्ञासा प्रकट गरेका छन् ?**

(1) वन पाखा चउरको

(2) विविध किसिमका जात जातिको

(3) विभिन्न किसिमका फुलहरूको

(4) विभिन्न डाँडाकाँडा पहाडको

**101. उद्धृत कवितांश कुन छन्दमा रचिएको छ ?**

(1) शिखरिणी

(2) शालिनि

(3) वियोगिनी

(4) मन्दाक्रान्ता

**102. कवितामा 'गुर्सिनी' शब्दले के बुझाएको छ ?**

(1) गुरुङ जातकी स्वास्नीमान्छे

(2) गुराँस टिप्न सिपालु पहाडी एउटा जाति

(3) हिमाली क्षेत्रमा पाइने एक प्रकारको पक्षी विशेष

(4) बैँसालु वयकी तरुनी

**103. कविताअनुसार मौरीलाई कसले डाकेको छ ?**

(1) वन जङ्गलले

(2) सुसेली हाल्ने गोठालाहरूले

(3) लेकमा पाक्रेको गुहेलीले

(4) बास्ना छर्दै उड्ने मिठो हावाले

**104. 'पालुवा' भनेको के हो ?**

(1) झ्याम्म परेको रुख

(2) रुखमा पलाएका नयाँ नयाँ पात

(3) इन्द्रेनीका रङहरु

(4) लहरै मिलेर उभिएका रुखहरू

**105. उद्धृत कवितांशमा कुन महिनातिरको विवरण प्रस्तुत भएको छ ?**

(1) कार्त्तिक–मङ्सिर

(2) वैशाख–जेठ

(3) माघ–फागुन

(4) भदौ–असोज

**106. मातृभाषा आधारित बहुभाषिकता के हो ?**

(1) मातृभाषा मात्र सिक्नु

(2) मातृभाषाका माध्यमले सिक्नु

(3) पहिला मातृभाषा अनि पछि अन्य भाषाहरू सिक्नु

(4) धेरै भाषाहरू अनि विदेशी भाषाहरू मातृभाषाका रूपमा सिक्नु

**107. स्कुल भाषा शिक्षा नीति भन्नाले के बुझिन्छ ?**

(1) बहुभाषी शिक्षा

(2) शिक्षाको भाषा

(3) मातृभाषामा आधारित बहुभाषिकता

(4) त्रय भाषा सूत्र

**108. समष्टि भाषिक पद्धति हो –**

(1) विद्यार्थीहरू भाषा सिक्दा वर्ण अनि ध्वनिदेखि शब्द, वाक्यांश अनि वाक्यहरू सिक्छन् भन्ने पूर्वधारणा

(2) विद्यार्थीहरू भाषा सिक्दा भाषाका खण्डहरू सिक्छन् अनि ध्वनि र वर्णहरू जस्ता न्यूनतम एकाइ सिक्छन् भन्ने पूर्वधारणा

(3) भाषा सिकाइ न्यूनतम एकाइ, वर्णमालाका वर्णहरूबाट सुरु हुन्छ भन्ने पूर्वधारणा

(4) सबै भाषाहरू समान तरिकाले सिकिन्छ भन्ने पूर्वधारणा

**109. भाषा शिक्षणको कुन पद्धतिले 'कण्ठस्थ गर्नु' लाई भाषा सिकाइको एउटा पक्षका रूपमा मान्दछ ?**

(1) संरचनागत पद्धति

(2) व्याकरण अनुवाद पद्धति

(3) सम्प्रेषणात्मक पद्धति

(4) पूर्ण शारीरिक अनुक्रिया

**110. काव्य एकजना भाषा शिक्षक हुन् । उनी आफ्ना विद्यार्थीहरूलाई विभिन्न विषयका शब्दहरू चिन्न लगाउँछिन् अनि शब्दहरू भनिदिन्छिन् (ती शब्दहरू जो शब्दको अगाडि र पछाडि प्रयोग हुन्छन् ) जसले शब्दहरू चिन्न सहायता गर्छन् । यस तकनिकलाई के भनिन्छ ?**

(1) विन्यास

(2) शब्द–जाल

(3) शब्द खेल

(4) शब्द निर्माण

**111. आफ्ना विद्यार्थीहरूका भाषिक दक्षताको जाँच गर्न एकजना शिक्षक प्रश्न पत्र तयार गर्छिन् । एउटा अनुच्छेदमा प्रत्येक पाँचौँ शब्द लेख्नको साटो ठाउँ खाली छोड्छिन् र छुटेका ती शब्दहरू लेख्न लगाउँछिन् । यस्तो जाँच युक्तिलाई के भनिन्छ ?**

(1) बोध पठन

(2) शब्द भण्डारको जाँच

(3) रिक्त स्थान भर्नु

(4) क्लोज जाँच

**112. बोल्दा शुद्ध उच्चारणका साथ उचित क्रममा सही शब्दहरूको प्रयोग गर्नुलाई के भनिन्छ ?**

(1) शारीरिक भाषा

(2) बोलाइको प्रक्रिया

(3) भाषिक प्रकार्य

(4) प्रयोगको भाषा

**113. शिक्षण उपकरणका रूपमा कथा सुनाउने कार्य केका लागि प्रयोग गरिन्छ ?**

(1) नानीहरूलाई सुन्ने कार्यमा व्यस्त राख्न

(2) नानीहरूमा बोल्ने क्षमताको विकास गर्न

(3) भाषा अनि साक्षरता कौशलको विकास गर्न

(4) कक्षामा अनुशासन बनाइराख्न

**114. सन्दर्भपरक व्याकरण (ग्रामर इन कन्टेक्स्ट) भन्नाले के बुझिन्छ ?**

(1) ड्रिल अनि अभ्यासद्वारा व्याकरण सिक्नु

(2) पहिले रूप अनि पछि प्रकार्य चिन्नु

(3) प्रकृत भाषाका उदाहरणद्वारा रूपलाई बुझी सन्दर्भको अध्ययनद्वारा सिक्नु

(4) विद्यार्थीको चरणगत विकासका आधारमा रचनात्मक ढङ्गमा रूपलाई बुझ्नु

**115. यीमध्ये कुनचाहिँ अध्ययन योग्यता होइन ?**

(1) व्याख्या सुनेर नोट लेख्नु

(2) पढ्दै गर्दा नोट बनाउनु

(3) प्रारूप लेख्नु

(4) कुनै विषयबारे एजेन्डा तयार गर्नु

**116. किन पाठ्य पुस्तकका लेखकहरू सधैँजसो लेखकले लेखेका लेखादि अनि खबर कागज र पत्रिकाका मौलिक लेख आदिबाट पाठ, कविता अनि गद्याख्यानहरूलाई समावेश गर्छन् ?**

(1) तिनीहरू विश्वसनीय अनि प्रकृत भाषा हुन् ।

(2) पाठ्य पुस्तकका लेखकहरूलाई ती विषय मन पर्छ ।

(3) अभ्यासको निर्माणमा ती सहयोगी हुन्छन् ।

(4) ती पाठकहरूका निम्ति उपयुक्त हुन्छन् ।

**117. शिक्षक आफ्नै गतिमा पाठ पढ्छन् अनि विद्यार्थीहरू समूहमा बुँदा तयार गरेर पाठको पुनःनिर्माण गर्छन् ।**

**यो कस्तो अभ्यास हो ?**

(1) श्रुतिलेखन

(2) व्याकरण श्रुतिलेखन

(3) पुनर्लेखन अभ्यास

(4) आपसी श्रुतिलेखन

**118. पहिलो भाषा विकासलाई सामान्यतः के भनेर चिनिन्छ ?**

(1) सिकाइ

(2) अधिग्रहण

(3) विकास

(4) बोध

**119. कक्षा–I मा भिन्न भिन्न मातृभाषा बोल्ने विद्यार्थीहरू छन् । शिक्षकले कक्षामा पालैसित उनीहरूलाई ती सबै भाषामा एकअर्कालाई अभिवादन गर्न लगाउँछिन् । प्रत्येक दिन विद्यार्थीहरू विभिन्न भाषाका केही शब्दहरू बुझ्ने चेष्टा गर्छन् । शिक्षणमा शिक्षकले ग्रहण गरेको योजना कुन हो ?**

(1) संसाधनका रूपमा बहुभाषिकता

(2) बहुभाषीवाद

(3) विविधतालाई एउटा योजनाका रूपमा

(4) एकभाषितावाद

**120. विद्यार्थीहरूलाई कुनै भाषा चिनाउन यीमध्ये कुनचाहिँ तरिका सही होइन ?**

(1) बाल कविता र बालगीतहरूद्वारा

(2) शब्दहरू अनि छोटा छोटा वाक्यहरूको प्रयोगद्वारा

(3) वर्णमालाका वर्णहरूको शिक्षणद्वारा

(4) मौखिक अनि श्रावणिक कार्याभ्यासद्वारा

परीक्षार्थीहरूले **भाषा**-II का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **Part-V** (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Candidates should attempt the questions from **Part-V (Q.No. 121-150),** if they have opted **NEPALI** as **LANGUAGE - II** only.

## भाग – V
## भाषा – II
## नेपाली

परीक्षार्थीहरूले **भाषा-II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले Part-V (**प्रश्न** 121-150) का प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 121-128) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

सत्य पनि धेरै किसिमको हुन्छ – जस्तो काल्पनिक सत्य, व्यावहारिक सत्य र दार्शनिक सत्य । जुन चिज त्रिकालावाध्य छ त्यसलाई सत्य भनिन्छ र ईश्वर नै प्रथम र अन्तिम सत्य हुन् । तर व्यवहार र जीवनमा सत्यले धेरै स्वरूप लिन्छ र इन्द्रियगोचर दुनियाँको कडा ग्राह्य सत्यलाई म व्यावहारिक सत्य सम्झन्छु । विवेकको अन्वेषणद्वारा प्राप्त हुने चाहिँलाई दार्शनिक सत्य भन्दछु र मनका सूक्ष्म चित्रणहरूद्वारा झल्किनेलाई काल्पनिक । ढुङ्गा कडा हुन्छ भन्नु व्यावहारिक सत्य हो, एक-एक जोडे दुई हुन्छ भन्ने र सृष्टिका अस्तित्वद्वारा स्रष्टाको अस्तित्व छ भन्ने कुरालाई म दार्शनिक सत्य भन्दछु; र सरस्वतीलाई देखेर उहाँसँग कुरा गरेँ भन्ने किसिमको चिजलाई म काल्पनिक सत्य सम्झन्छु । मेरो निमित्त व्यवहार सीमित छः, दर्शन विवेक अन्धो छ; म काल्पनिक सत्यलाई नै सबभन्दा ज्यादा रुचाउँछु र त्यसैद्वारा ईश्वरको झल्काझल्की पाउँछु । मेरो विचारमा मानवकलाहरू काल्पनिक सत्यमा निर्भर रहन्छन् । खालि व्यवहारको सोझो चित्रण कलाको रूप लिन सक्तैन, न त मेरो रायमा फोटोग्राफी कुनै कला हो, यद्यपि धेरैजना मोटामोटी चिजलाई कलाका नाम चौडा अर्थले दिने गर्दछन् । ती चिजहरू कला नै होइनन् जहाँ यन्त्रहरू मात्र सफल हुन सक्तछन्, जहाँ विवेक मात्र काम गर्दछ; र जहाँ कल्पनाको कारिगरी र सिपको जरुरतै छैन ।

**121. अनुच्छेदमा कति किसिमका सत्यको कुरा गरिएको छ ?**

(1) दुई

(2) तीन

(3) चार

(4) पाँच

**122. लेखकका विचारमा कला कहाँ छ ?**

(1) यन्त्रद्वारा निर्मित सुन्दर वस्तुमा

(2) जीवनदेखि बाहिर कल्पनालोकमा

(3) कल्पनाको कारिगरी र सिपमा

(4) एक र एक जोडे दुई हुन्छ भन्ने वैचारिकतामा

**123. लेखक कुन कुरालाई 'त्रिकालावाध्य' तथा सुरुको र अन्त्यको सत्य मान्दछन् ?**

(1) इन्द्रियगोचर वस्तु

(2) दार्शनिकता

(3) व्यावहारिकता

(4) ईश्वर

124. 'इन्द्रियगोचर' शब्दको अर्थ के हो ?

(1) जुन कुरा आँखाले प्रत्यक्ष देख्न सकिन्छ

(2) जुन कुराको ज्ञान र अनुभव इन्द्रियद्वारा हुन्छ

(3) संसारका ठोस पदार्थहरू

(4) विवेक र मनले जुन कुरा अनुभव गर्छ

**125. कुन सत्यलाई लेखक सर्वाधिक मन पराउँछन् ?**

(1) काल्पनिक (2) व्यावहारिक

(3) यान्त्रिक (4) दार्शनिक

**126. 'ग्राह्य' को विपरीतार्थक शब्द कुन हो ?**

(1) आहार्य (2) अयोग्य

(3) त्याज्य (4) प्रयोज्य

**127. तलको कुन कुरालाई दार्शनिक सत्य मान्न सकिन्छ ?**

(1) मनले ग्रहण गर्नेलाई

(2) सृष्टि र स्रष्टमाझको आस्तित्विक सम्बन्धलाई

(3) इन्द्रियगोचर सांसारिक जगतलाई

(4) फोटोग्राफी कला हो भन्ने विचारलाई

**128. 'बरफ चिसो हुन्छ ।' – यो कुन किसिमको सत्य हो ?**

(1) काल्पनिक

(2) दार्शनिक

(3) आध्यात्मिक

(4) व्यावहारिक

**निर्देश : दिइएको अनुच्छेद पढेर तल भएका प्रश्नहरू (प्रश्न स. 129-135) का उपयुक्त उत्तर चिन्हित गर्नुहोस् ।**

पुस्तकालयले हामीलाई सुसङ्गतको अवसर दिन्छ । उत्तम पुस्तकहरू भएको पुस्तकालयमा ज्ञानी एवं सज्जन मानिसहरूको आवागमन भइरहन्छ अनि क्षणभर भए तापनि उनीहरूको सङ्गतमा रहन पाउँदा सामान्य मानिसले धेरै व्यावहारिक सद्गुणहरू प्राप्त गर्न सक्छ । पुस्तकालयमा सङ्ग्रहित विविध विषयका पुस्तकहरू पढ्दा हामीलाई मानसिक शान्ति प्राप्त हुन्छ । पूर्वजहरुद्वारा लिखित ग्रन्थहरू पढ्दा हामी पूर्वजहरूका विचारधारा र त्यस बेलाका चालचलन, कला, संस्कृति, साहित्य इत्यादिको ज्ञान प्राप्त गर्न सक्छौँ र आजको संसारको रूप, अवस्थाको तुलनात्मक जानकारी प्राप्त गर्न सक्छौँ । पुस्तकालयमा हाम्रो फुर्सदको पनि सदुपयोग हुन्छ । फुर्सदको समयमा पुस्तकालयमा गएर पुस्तकै नपढे तापनि त्यहाँ उपस्थित भएका सज्जनहरूको ज्ञानपूर्ण वार्तालाप मात्र सुन्दा पनि हामी धेरै लाभान्वित हुन सक्छौँ । पुस्तकालयमा गएर नाना थरीका मानिसहरूका विविध कथा–वार्ता सुन्दा तथा पुस्तक, पत्र–पत्रिका पढ्दा हामीलाई ज्ञान प्राप्त मात्र नभई हाम्रो मनोरञ्जन पनि हुन्छ ।

**129. ज्ञान र सूचनाका अतिरिक्त पुस्तकालयले हामीलाई के दिन्छ ?**

(1) असल शिक्षा र रोजगारको अवसर

(2) असल गुणको सञ्चार र गौरवबोध

(3) असल मानिसको सङ्गत र मनोरञ्जन

(4) गुण, अनुशासन, स्वास्थ्य र मनोरञ्जन

**130. पुस्तकालय जाँदा हाम्रो कुन समयको उपयोग राम्ररी हुन्छ ?**

(1) अल्छी लागेको समय

(2) फुर्सदको समय

(3) बेलुकीको समय

(4) छुट्टीको समय

**131. पूर्वजले लेखेका पुस्तक पढेर हामी के थाहा पाउँछौँ ?**

(1) तुलना गर्ने कौशल र युक्ति

(2) आजका संसारका रूप र अवस्थाबारे ज्ञान

(3) अनुभवले सिद्ध भएका सूचना

(4) पुराना समयका चलन, संस्कृति, कला र साहित्यबारे ज्ञान

**132. अनुच्छेदमा उल्लेख भए अनुसार पुस्तकालयमा कस्ता मानिस जान्छन् ?**

(1) लेखपढ गर्ने उद्देश्य भएका

(2) समय बिताउने मनसाय राख्ने

(3) गुणी र सच्चरित्र

(4) विभिन्न किसिमका

**133. 'आवागमन' भन्नाले के बुझिन्छ ?**

(1) आएर उपस्थित हुने काम

(2) आउने जाने काम

(3) सदस्यता लिने काम

(4) कुराकानी वा वार्तालाप

**134. 'उत्तम' शब्दको उपयुक्त विपरीतार्थक शब्द कुन हो ?**

(1) अधम

(2) खत्तम

(3) अन्यतम

(4) विनाश

**135. पठनबाट प्राप्त हुने आत्मिक कुरा के हो ?**

(1) ज्ञानक्षुधा

(2) शान्ति

(3) वितृष्णा

(4) शोक

**136. अनुच्छेद 343(2) अनुसार संविधानले केको प्रयोग उपलब्ध गराउँछ ?**

(1) आधिकारिक भाषाका रूपमा हिन्दी

(2) सह–आधिकारिक भाषाका रूपमा हिन्दी

(3) आधिकारिक भाषाका रूपमा अङ्ग्रेजी

(4) सह–आधिकारिक भाषाका रूपमा अङ्ग्रेजी

**137. निम्नलिखित मध्ये कुनचाहिं शास्त्रीय भाषाको मानक होइन ?**

(1) भाषाको 1500 देखि 2000 वर्ष पुरानो इतिहास/लिखित साहित्य हुनु पर्छ ।

(2) भाषामा केही प्राचीन साहित्य/काव्य लेखिएको हुनु पर्छ ।

(3) भाषा अनुसूचित भाषा समूहको हुनु हुँदैन ।

(4) भाषाको आफ्नै मौलिक साहित्यिक परम्परा हुनु पर्छ अनि अन्य भाषिक समुदायबाट सापटी लिएको हुनु हुँदैन ।

**138. विद्यार्थीहरूको श्रवण क्षमताको मूल्याङ्कन केद्वारा गरिन्छ ?**

(1) उनीहरूसित नियमित ड्रिल र अभ्यास गरेर

(2) कुनै कथा सुनाई बोध आधारित प्रश्नहरू सोधेर

(3) मनमनै पढ्ने अवसर दिएर

(4) उनीहरूलाई भ्रमणमा लगेर

**139. पठनको प्रारम्भिक चरणमा शिक्षकले कुन कुरामा ध्यान पुऱ्याउनु पर्छ ?**

(1) भाषाको वर्णमाला कण्ठस्थ गर्नु

(2) पठनको धाराप्रवाहिता

(3) वर्ण–ध्वनि माझको सङ्गति बुझाइमा विकास

(4) पठन शुद्धता

**140. श्रवण अनि पठन के हुन् ?**

(1) अनुभूतिको क्षमता

(2) अभिव्यक्तिगत क्षमता

(3) रुचिगत क्षमता

(4) सोच्ने क्षमता

**141. व्यक्तिगत प्रयोजन र आवश्यकताका आधारमा ससाना लेखकहरूप्रति शिक्षकले कस्तो प्रतिक्रिया दिनु पर्छ ?**

(1) उनीहरूले गरेका व्याकरणिक त्रुटिहरूबारे विस्तारपूर्वक फिडब्याक दिनु

(2) उनीहरूले गरेका राम्रा कुराहरूको प्रशंसा गर्नु अनि उनीहरूको कार्य उद्धृत गर्दै विशेष मन्तव्य दिनु

(3) त्रुटिहरूबारे बेवास्ता गर्न लगाउनु

(4) राम्रो नलेखेकोमा कक्षामा उनीहरूलाई ग्रेड दिनु

**142. निम्नलिखित मध्ये कुनचाहिँ भाषा अधिग्रहण र भाषा सिकाइका बिच पाइने आधारभूत भिन्नता हो ?**

(1) धाराप्रवाहिता अनि शुद्धता

(2) भाषाप्रति अभिमुखताको स्तर

(3) शुद्धता अनि गति

(4) गति अनि उच्चारण

**143. एउटा संसाधनका रूपमा मातृभाषाको प्रयोगबारे निम्नलिखित मध्ये कुन कथन सही छैन ?**

(1) यसले ननानीहरूलाई सिक्न, सोच्न र सम्पर्क गर्न सहयोग गर्छ ।

(2) विद्यार्थीहरूलाई अर्थ निकाल्ने प्रक्रियामा सहयोग गर्न यसले सकारात्मक भूमिका निर्वाह गर्छ

(3) मातृभाषाले शिक्षण संस्थानलाई अझ उघारो पारिदिन्छ ।

(4) यसले दोस्रो भाषालाई उपेक्षा गर्न सहयोग गर्छ ।

**144. प्राथमिक स्तरको नानीको भाषिक विकासमा यीमध्ये कुनचाहिं अत्यन्त महत्त्वपूर्ण रहन्छ ?**

(1) व्याकरणको ज्ञान

(2) भाषा समृद्ध परिवेश

(3) भाषाका पाठ्यपुस्तक

(4) नानीको मूल्याङ्कन

**145. विवरण फाइल (पोर्टफोलियो) केको उदाहरण हो ?**

(1) आत्म–मूल्याङ्कन

(2) शिक्षकद्वारा गरिने मूल्याङ्कन

(3) आत्म अनि शिक्षकद्वारा गरिने मूल्याङ्कन दुवै

(4) राज्य बोर्ड मूल्याङ्कन

**146. शब्दजाल पहेली (क्रस वर्ड पजल) ले कुन कुराको विकास गर्न सहयोग गर्छ ?**

(1) श्रवण कौशल

(2) लेखन कौशल

(3) शब्द भण्डार

(4) साहित्यिक अर्थ

**147. बोल्ने क्रियाको मूल्याङ्कन गर्दा निम्नलिखित मध्ये कुनचाहिँ आवश्यक रहँदैन ?**

(1) ध्वनि/शब्दहरूको उच्चारण

(2) सन्दर्भअनुसार शब्दहरूका उपयुक्त रूपको प्रयोग

(3) शब्दकोश अनि पर्यायवाची कोशको प्रयोग

(4) बोलीमा स्पष्टता

**148. भाषाका वर्ण र त्यसका ध्वनिको सम्बन्ध स्थापना गरी पढ्न सिकाउँदा कुन विधि ग्रहण गरिन्छ ?**

(1) प्रत्यक्ष विधि

(2) स्वनिमिक विधि

(3) पूर्ण भाषा

(4) खण्ड भाषा

**149. पाठ्यपुस्तक बाहिरका कुरा पढाउनु भन्नाले बुझिन्छ –**

(1) पाठ्यपुस्तक बाहेक अतिरिक्त पाठ्य सामग्री उपलब्ध गराउनु

(2) पाठ्यपुस्तकको उपेक्षा गर्नु र त्यसभन्दा बाहिरका कुरा गर्नु

(3) ज्ञान पाठ्यपुस्तक केन्द्रित हुनु पर्छ

(4) पाठ्यपुस्तक बाहिरका कुरा पढाएर विद्यार्थीहरूलाई धेरै बोझमा नपार्नु

**150. एउटा खाम बनाउनका लागि शिक्षक कक्षा–III का विद्यार्थीरूलाई केही निर्देश दिइरहेकी छन् । विद्यार्थीहरूले ती निर्देशहरूको अनुसरण गर्छन् । भाषा कक्षाको यस क्रियाकलापले विद्यार्थीहरूलाई कस्तो सहयोग पुर्‍याउँछ ?**

(1) लेखन कौशलमा विकास

(2) बोल्ने कौशलमा विकास

(3) श्रवण कौशलमा विकास

(4) उनीहरूमा सिर्जनात्मकताको विकास

**SPACE FOR ROUGH WORK**

## SPACE FOR ROUGH WORK

**तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस**

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनुपर्ने हो भन्नेबारे उत्तर-पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नुहोस् ।
2. OMR को दोस्रोपातोमा दिइएका चार वैकल्पिक प्रश्नहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई निलो/कालो बलपेनले कालो पार्नुहोस् । एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्याउन पाइने छैन ।
3. परीक्षकले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन् । कुनै पनि उत्तरमाथि कोरकार नगर्ने । निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने ।
4. परीक्षा पुस्तिकालाई विशेषरूपले ध्यान दिनु । कुनै कारणवश परीक्षा पुस्तिका यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ ।
5. परीक्षार्थीले दिइएको परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ ।
6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस् ।
7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामाग्री आदि ल्याउन पाउने छैनन् ।
8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन । यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिनेछ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ ।
9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेशपत्र देखाउनुपर्ने छ ।
10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोडन सक्ने छैनन् ।
11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोडन पाउने छैनन् । परीक्षा भवन छोड्नु अघि निरीक्षकपत्र, उपस्थितिपत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ ।
12. कुनै पनि विद्युतीय उपकरण राख्न निषेध छ ।
13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ । कुनै तरीकाले नियम उलङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ ।
14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा फटाउन पाइने छैन ।
15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोडन पाइने छ । परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन् ।**

**निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :**

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें ।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **काले/नीले बॉल पॉइन्ट पेन** से भरें । एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है ।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ । परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें ।
4. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी ।
5. परीक्षा पुस्तिका / उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाज़िरी-पत्र में लिखें ।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी । इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए ।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है ।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्वीच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए । इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और उनके विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित ।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें ।
11. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं हाज़िरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे । यदि किसी परीक्षार्थी ने दूसरी बार हाज़िरी-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा । **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान हाज़िरी-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ ।**
12. इलेक्ट्रॉनिक / हस्तचालित परिकलक का उपयोग वर्जित है ।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं । अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा ।
14. किसी हालत में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें ।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल / कक्ष छोड़ने से पूर्व उत्तर पत्र कक्ष-निरीक्षक को अवश्य सौंप दें । परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं ।**

**READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY:**

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Black/Blue Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet / Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/ room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/ rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against them including cancellation of examination.
9. Each candidate must show on demand his / her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his / her seat.
11. The candidates should not leave the Examination Hall/ Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic / Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall / Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***